कार्यविधि संख्या :....

खोटेहाङ गाउँपालिका

# व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी

# कार्यविधि - २०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०६/२४

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

# प्रस्तावना

खोटेहाङ गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालनमार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले खोटेहाङ गाउँ कार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम " खोटेहाङ गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७५" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) " कार्यालय " भन्नाले यस खोटेहाङ गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ख) " शाखा " भन्नाले यस खोटेहाङ गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

(ग) " वडा कार्यालय " भन्नाले यस खोटेहाङ गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) " अध्यक्ष " भन्नाले यस खोटेहाङ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) " उपाध्यक्ष " भन्नाले यस खोटेहाङ गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) " कार्यपालिका सदस्य " भन्नाले यस खोटेहाङ गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले यस खोटेहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) " वडा समिति " भन्नाले यस खोटेहाङ गाउँपालिकाको ९ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) " व्यवसायी " भन्नाले यस खोटेहाङ गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्याक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ञ) " कार्यविधि " भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७५" सम्झनुपर्नेछ ।



खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(... राई)

३. क्षेत्र : यस खोटेहाङ गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. विषयगत क्षेत्र : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यान्न,थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म ।

(छ) औषधि पसल (आदि)

## परिच्छेद - २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृया :

(१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानीय संचार माध्यम बाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले ०७५ चैत्र मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

६.दर्ताका लागि आवश्यक कागजातहरु :

**६.१.**व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित **अनुसूची ३** बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ



(प्रदीप राई)
अध्यक्ष

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारीस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) उद्योग वाणिज्य संघको सिफारीसपत्र

७.प्रमाणपत्र सम्वन्धी व्यवस्था : (१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले **अनुसूची - १** बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८.व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था : प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नवीकरणको प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था :

(१) व्यवसाय दर्ता/नविकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा **अनुसूची- २** मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता /नविकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्कसम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

कोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोटाङबजार, खोटाङ २०७३

(प्रदीप राई)
अध्यक्ष

# परिच्छेद - ३

## अनुगमन तथा कारबाही

१०.मूल्यसूची सम्वन्धी व्यवस्था : सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

११.बजार अनुगमन सम्वन्धी व्यवस्था : (१) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था " खोटेहाङ गाँउपालिका बजार अनुगमन निर्देशिका, २०७५" बमोजिम हुनेछ ।

१२.दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था : " खोटेहाङ गाँउपालिका बजार अनुगमन निर्देशिका, २०७५" मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोही बमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा

(छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा

१३.कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७४

(प्रदीप राई)
अध्यक्ष

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. १०००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. २,०००।- |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु. ५,०००।- |
| (घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु. ५,०००।- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरि सकेपश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद - ४

## विविध

१४.बाधा अड्काउ सम्वन्धी व्यवस्था : (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

१५.विशेष व्यवस्था : माथि अन्यत्र जुनसुकै ब्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

(प्रदीप राई)
अध्यक्ष

अनुसूची १
दफा (७) सँग सम्बन्धित

# खोटेहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खोटाङबजार, खोटाङ
## १ नं. प्रदेश, नेपाल

## व्यवसाय दर्ता इजाजत-पत्र

इजाजत-पत्र नं. :-          मिति :-

व्यवसायको नाम :-

व्यवसायको किसिम :-

प्रोप्राइटरको नाम :-

स्थायी ठेगाना :-

कुल पूँजी :-

खोटेहाङ गाउँपालिकाको **व्यवसाय दर्ता** इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा .... को उपदफा ..... बमोजिम व्यवसाय संचालन गर्न यो **इजाजत-पत्र** प्रदान गरीएको छ ।

इजाजत-पत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

नोट :-

१. यो इजाजत पत्र १ आर्थिक वर्षसम्म मान्य रहने छ ।

२. आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तोकीएको दस्तुर तिरी इजाजत-पत्र नविकरण गर्नु पर्ने छ ।

३. अन्य कुराहरु प्रचलित कानुन र खोटेहाङ गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

| क्र.सं | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर, भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |



बोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

(प्रदीप राई)
अध्यक्ष

अनुसूचि २

दफा (९) सँग सम्बन्धित

**व्यवसाय कर**

| | पसल दर्ता | प्रति पसल दर्ता शुल्क | ५००.० |
|---|---|---|---|
| १ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००.० |
| | | पेट्रोल बिक्री केन्द्र | १०००.० |
| | | ग्यास सिलिन्डर सब डिलर | १०००.० |
| | | मट्टितेल मात्र बिक्री | २०००.० |
| २ | स्टिल आलमुनियम पसल | थोक | २०००.० |
| | | खुद्रा | १०००.० |
| ३ | फर्निचर | थोक | १५००.० |
| | | खुद्रा | १०००.० |
| ४ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | प्रति ट्राक्टर | २००.० |
| ५ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००.० |
| | | हाते मेसिन | २००.० |
| ६ | स्नुकर तथा पुल हाउस | | २०००.० |
| ७ | क्यारेम बोर्ड | | १०००.० |
| ८ | पशु आहार बिक्री केन्द्र | | १०००.० |
| ९ | किराना पसल | थोक | १५००.० |
| | | खुद्रा | ५००.० |
| १० | फलफूल/तरकारी पसल | थोक | ८००.० |
| | | खुद्रा | ४००.० |
| ११ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००.० |
| | | खुद्रा | ५००.० |
| १२ | भाँडा पसल (स्टील, प्लास्टिक, आल्मुनियम सबैथरी) | थोक | १०००.० |
| | | खुद्रा | १०००.० |
| १३ | माटाको भाँडा पसल | थोक, खुद्रा | २००.० |
| १४ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००.० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००.० |
| | | कानुन व्यावसायी ल फर्म | २०००.० |
| | | लेखापरीक्षण व्यावसायी | २०००.० |
| | | दन्तचिकित्सक | २०००.० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००.० |
| | | पशु चिकित्सक डाक्टर | २०००.० |
| | | रोजगार सेवा | ३०००.० |
| १५ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००.० |
| १६ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००.० |
| १७ | खोटो व्यवसायी | | १०००.० |



(प्रदीप राई)
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १८ | जग्गा व्यवसायी | | २०००.० |
| १९ | निर्माण व्यवसायी | | ५०००.० |
| २० | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०.० |
| २१ | ग्रील उद्योग | | ३०००.० |
| २२ | जुत्ता उद्योग | | १५००.० |
| २३ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १०००.० |
| २४ | कपडा तथा गार्मेन्ट उद्योग | | ५०००.० |
| २५ | सिरक डसना उद्योग पसल | | १५००.० |
| २६ | कुटानी पेलानी/ मिल | | १५००.० |
| २७ | मसला मिल | | १०००.० |
| २८ | नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | |
| २९ | डेरी उद्योग/ व्यवसाय | | ५००.० |
| ३० | उपभोग्य वस्तु उत्पादन उद्योग | **कुकिज नुडल्स** | १०००.० |
| | | **दालमोट पाउरोटी चाउमीन** | १०००.० |
| | | **पापड चिप्स फिगर** | १५००.० |
| ३१ | वनजन्य उद्योग | **स मिल प्लाइउड उद्योग** | ५०००.० |
| | | **काठ बिक्री डिपो** | २०००.० |
| | | | |
| ३२ | क्रसर–कन्क्रीट–इटा भट्टा उद्योग | | २०००.० |
| ३३ | ढाकाटोपी पस्मिना उद्योग | | ५००.० |
| ३४ | सुर्तिजन्य उद्योग | | ५०००.० |
| ३५ | होटल लज रेष्टुरेन्ट | **होटल र लज** | २०००.० |
| | | **भोजनालय** | १०००.० |
| | | **मिठाई पसल** | ५००.० |
| | | **पार्टी प्यालेस** | २५००.० |
| | | **रेष्टुरेन्ट-बार** | २०००.० |
| | | **चिया र खाजा पसल** | ५००.० |
| | | **खाना,खाजा-नास्ता पसल (मदिरासहित)** | २०००.० |
| ३६ | टेन्ट हाउस | | २०००.० |
| ३७ | सञ्चार | **एफ.एम. प्रसारण** | २०००.० |
| | | **केवुल च्यानल प्रसारण** | २०००.० |

| | | | |
|---|---|---|---|
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००.० |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १०००.० |
| | | कुरियर सेवा | १०००.० |
| | | निजी मोबायल सेवा प्रदायक संस्था | ५००००.० |
| | | निजी इन्टरनेट सेवा प्रदायक संस्था | ५०००.० |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १०००.० |
| ३८ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००.० |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५०००.० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००.० |
| | | वित्तीय/ ऋण सहकारी संस्था | २०००.० |
| | | मनी ट्रान्सफर | १५००.० |
| | | विमा कम्पनी | २०००.० |
| | | लघु वित्त | २०००.० |
| ३९ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्गहोम | २५००.० |
| | | क्लिनिक तथा ल्याब | १५००.० |
| | | चस्मा पसल | १५००.० |
| ४० | शिक्षा सेवा निजी | क्याम्पस | २०००.० |
| | | मावि/ उच्चमावि | १५००.० |
| | | मावि | १०००.० |
| | | आधारभूत | १०००.० |
| | | प्राथिमिक | १०००.० |
| | | छात्रावास | १०००.० |
| | | मन्टेश्वरी | १०००.० |
| | | पूर्व प्राथमिक | ८००.० |
| | | ट्युशन सेन्टर | १५००.० |
| | | कम्प्युटर/ नृत्यकला सिकाइ केन्द्र | १०००.० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००.० |
| ४१ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १०००.० |
| | | इन्जिन मर्मत | १५००.० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००.० |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००.० |
| | | मोटरसाइकल मर्मत | १५००.० |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००.० |
| | | अन्य विविध मर्मत | १०००.० |
| ४२ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००.० |

| | | | |
|---|---|---|---|
| ४३ | फूल विरुवा पसल | | ५००.० |
| ४४ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००.० |
| | | अन्तराष्ट्रिय | ५०००.० |

नोट : व्यवसायिक कर दर्ताको समयमा नै वार्षिक उल्लेखित दर लागु गरिने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

(प्रदीप राई)
अध्यक्ष

अनुसूची ३

दफा ६ सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
खोटेहाङ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय

विषय : व्यवसाय दर्ता गरी पाँऊ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशील अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नाम : ...............................................................

व्यवसायको प्रकार : ...............................................................

कुल स्थीर पुँजी :......................................................

व्यवसाय संचालन गर्ने स्थान :......................................................

**संलग्न कागजातहरु**

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) उद्योग वाणिज्य संघको सिफारिसपत्र

**निवेदक**

नाम :

ठेगाना :

:मिति :